## नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)

# स्थानीय निकायको निर्वाचन २०७४ का लागि आचारसंहिता

यहीं २०७४ वैशाख ३१ गते सम्पन्न हुन गइरहेको स्थानीय निकायको निर्वाचनलाई दृष्टिगत गर्दै नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) आफ्ना संपूर्ण कर्मचारीहरूलाई २०७४ वैशाख १० गतेदेखि लागु हुने निर्वाचन आचारसंहितालाई पालना गर्नका लागि आह्वान गर्दछ ।

आरआरएनको कार्यसंचालनका आधारभूत सिद्धान्तहरू तथा कर्मचारी आचारसंहिताको आधारमा तयार गरिएको निर्वाचन आचारसंहिताका बुँदाहरू निम्नअनुसार रहेका छन्:

- निर्वाचनमा मतदानका लागि २०७४ जेठ १ गते केन्द्रीय कार्यालय बन्द गरिने छ ।
- जिल्ला कार्यालयहरूमा भने २०७४ वैशाख २९ गतेदेखि जेठ १ गतेसम्म मतदानका लागि विदा दिने निर्णय गरिएको छ ।
- निर्वाचन अगाडि एक हप्ता र निर्वाचन पछाडि एक हप्ता अनुगमनका लागि कार्यस्थलको भ्रमणलाई रोकिने छ । अत्यन्त जरुरी परेका अवस्थामा आफूभन्दा माथिका व्यवस्थापकसँग स्वीकृति लिनु पर्नेछ ।
- कार्यक्षेत्रका गतिविधिहरू, खासगरी तालिम, कार्यशाला, समूह बैठक/अन्तरक्रिया जस्ता गतिविधिहरू चुनवाअगाडि तीन हप्ता र चुनावपछि एक हप्ताका लागि रोकिएको छ । तथापि, कर्मचारीहरूले कार्यालयमा उपस्थित भई अभिलेखन तथा प्रतिवेदन लेखन लगायत अन्य आवश्यक व्यवस्थापकीय अथवा प्रशासकीय कामहरूलाई जारी राख्नु पर्नेछ ।
- व्यवस्थापक/क्षेत्रीय तथा जिल्ला संयोजकहरूले आ-आफना कार्यक्षेत्रको स्थानीय परिस्थितिमा आउने परिवर्तनहरूको आँकलन गर्नुका साथै आ-आफ्नो कार्यक्षेत्रमा काम गर्ने कर्मचारीहरूलाई प्रत्यक्ष संपर्क वा कुनै पनि उपयुक्त माध्यमबाट सुसुचित गर्नुपर्नेछ । यसका साथै लाभग्राहीहरू, साझेदारहरू र सरोकारवालाहरूसँग पनि नियमित संचार र संपर्कलाई सुनिश्चित गर्नु पर्नेछ । व्यवस्थापकहरूले कर्मचारीहरू र कार्यालयको सुरक्षाको लागि आवश्यक प्रबन्ध गर्नुपर्नेछ । यसका लागि आवश्यक परेको खण्डमा मानवीय स्रोत व्यवस्थापक तथा क्षेत्रीय/जिल्ला संयोजनकहहरूको सहयोग लिनु पर्नेछ ।
- कर्मचारीहरूले हरेक समय आफ्नो परिचयपत्र साथमा बोक्नु पर्नेछ । आवश्यक पर्नासाथ आफूभन्दा माथिको व्यवस्थापकलाई संपर्क गर्नुपर्नेछ (विशेषगरी कुनै दुर्घटना भएको खण्डमा) ।
- आरआरएनको तर्फबाट कुनै पनि राजनीतिक पार्टीहरूलाई नगद वा जिन्सीको रूपमा चन्दाका साथै कुनैपनि प्रकारको सेवाहरू प्रदान गर्न सख्त रूपमा मनाही गरिएको छ ।
- कामको दौरानमा कर्मचारीहरूले राजनीतिक निष्पक्षतालाई कायम राख्नुपर्दछ । यसको मतलब, राजनीतिक भेलाहरूमा उपस्थित हुनुपर्दा संस्थाको सवारीका साधनहरु प्रयोग गर्नु हुदैन अथवा आरआरएन वा यसका कार्यक्रमहरूको लोगो भएका पोशाक वा कुनैपनि चीजवस्तु प्रयोग गर्नु हुदैन ।
- आरआरएनका कर्मचारीहरूलाई राजनीतिक प्रकृतिका कुनैपनि गतिविधिहरूमा सहभागी हुन बाध्य बनाइएको खण्डमा निष्कृय-सुस्त रहने (भाषण गर्ने, जुलुसमा सहभागी हुने, नारा लगाउने वा व्यानर बोक्ने जस्ता कुराहरू नगर्ने) र लो प्रोफाइलमा रहने ।
- विकासका मञ्चहरूलाई राजनीतिक प्रयोजनका लागि दुरुपयोग हुन नदिनका लागि संपूर्ण कर्मचारीहरू अत्यन्त सतर्क रहनु पर्दछ ।
- निर्वाचन आयोगको अनुरोधमा यदि कुनै कर्मचारी निर्वाचन पर्यवेक्षक बन्न आवश्यक परेमा आफूभन्दा माथिको व्यवस्थापक मार्फत् कार्यकारी निर्देशकको सहमती लिनु पर्दछ ।
- सामाजिक सञ्जालको प्रयोग गर्दा यो आचारसंहितालाई उल्लंघन गर्न पाइने छैन ।

*जारी गर्ने:*

**ज्ञान बहादुर अधिकारी**
कार्यकारी निर्देशक
नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)